# ऋण तथा जमानत (उन्नाइसौं संशोधन) ऐन, २०६८

प्रमाणीकरण मिति

२०६८/७/३

**प्रस्तावना** : ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "ऋण तथा जमानत (उन्नाइसौं संशोधन) ऐन, २०६८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन** : ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "तीन खर्ब पचास अर्ब रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "चार खर्ब" भन्ने शब्दहरू राखिएका छन् ।

नेपाल कानून आयोग